नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
बागमती प्रदेश प्रहरी कार्यालय

फोन: ०५७-५२१४९९
फ्याक्स: ०५७-५२३३९९

हेटौडा, मकवानपुर ।

पत्र संख्या:- ०८०।०८१
प्रा.प.सं.:-

मिति: २०८०।०४।१५ गते ।

# प्रेस विज्ञप्ति

## ५ वर्षे नावालिकालाई ज.ज.क. पश्चात कर्तव्य गरी फरार प्रतिवादी २० वर्ष पछि पक्राउ

**घटना मिति:** २०६०।०६।१९ गते
**घटनाको प्रकृति:** वर्ष ५ कि नावालिका जबरजस्ति करणी पश्चात कर्तव्य गरी मारेको
**घटनास्थल:** जिल्ला मकवानपुर साविक हेटौंडा १० स्थितको राप्ती खोला

**पक्राउ गरिएका प्रतिवादीको विवरण:** जिल्ला मकवानपुर हेटौंडा ११ सिमलटार बस्ने चन्द्र बहादुर राईको छोरा तत्कालिन समयको २५ वर्ष (हाल ४५ वर्ष) को सोम बहादुर राई

**घटनाको संक्षिप्त विवरण:**
मिति २०६०।०६।१८ गते हेटौंडा ११ सिमलटार बस्ने प्रेम बहादुर थापा क्षेत्रीको वर्ष ५ कि नाबालिका छोरीलाई प्रतिवादी सोम बहादुर राईले जबरजस्ती करणी पश्चात कर्तव्य गरी मारी जिल्ला मकवानपुर साविक हेटौंडा १० राप्ती खोलाको पानीमा ढुंगाले च्यापिएको अवस्थामा लास भोलिपल्ट २०६०।०६।१९ गते फेला परेको ।

**पक्राउको विवरण**:
जिल्ला प्रहरी कार्यालय मकवानपुरसंगको समन्वयमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाबाट खटिएको प्रहरी टोलीले अनुसन्धान एवं खोजतलास गर्ने क्रममा घटना पश्चात फरार रहेका प्रतिवादीलाई मिति २०८०।०४।१३ गते ललितपुर जिल्ला गोदावरी नगरपालिका १४ स्थितबाट पक्राउ गरिएको छ । निज प्रतिबादीलाई सम्मानित जिल्ला अदालत मकवानपुरबाट ६ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट थप अनुसन्धान भईरहेको छ ।



प्रतिवादीको फोटो

प्रबक्ता/सूचना अधिकारी
दिपक रेग्मी
(प्रहरी बरिष्ठ उपरीक्षक)
(९८५५०९०२४०)